नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक

वैशाख/जेठ २०७० (May 2013) वर्ष १७/अङ्क १९४

## आजको गहिराइले भोलिको उचाइ निर्धारित गर्दछ

- पाष्टर रोबर्ट कार्थक

जग बलियो भयो भने घर बलियो हुन्छ। ठूला-ठूला उच्च भवनहरू गगनचुम्बी अट्टालिकाहरूको जग पनि गहिरो गएको हुनुपर्छ र मात्र ती घरहरू अग्लो जान सक्छन्। हुनलाई घरको जगचाहिँ जमीनभित्र लुकेर रहने भाग मात्र हो तर घरको निम्ति त्यो महत्वपूर्ण हुन्छ। बाहिरबाट कसैले नदेखे तापनि त्यसले नै घरलाई ठीक ठाउँमा थामिराखेको हुन्छ। बलियो जग नभएको घर जत्तिकै भव्य, असल, बलियो देखिए तापनि त्यो अत्यन्तै कच्चा हुन्छ र चाँडै नै भत्कन सक्छ। यसैले बुद्धिमान मानिसले आफ्नो घर चट्टानमाथि बनायो। लूका ६:४८ मा प्रभुले घर बनाउने एकजना बुद्धिमान मानिसको बारेमा बताउनुभएको छ, जसले गहिरो खनेर चट्टानमाथि घर बसाल्यो। लूका ६:४९ पदमा उहाँले घर बनाउने अर्को मूर्ख मानिसको बारेमा पनि बताउनुभएको छ, जसले जमीनमाथि जगबिनाको घर बनायो। एकजनाले गहिरो खनेर चट्टानमाथि घर बसाल्यो, अर्कोले अलिअलि मात्र खनेर बालुवामाथि घर बनायो। पहिलो मानिसले धेरै परिश्रम गर्‍यो, धेरै पसिना बगायो, धेरै पैसा खर्च गर्‍यो, धेरै समय लगायो, उसको घर धेरै महँगो भयो। दोस्रो मानिसले थोरै परिश्रम गर्‍यो, थोरै पसिना बगायो, पैसा र समय पनि थोरै खर्च गर्‍यो, उसको घर धेरै सस्तो भयो। दोस्रो मानिसले भन्दा कम्ती समय, कम्ती खर्च, कम्ती परिश्रममा पहिलो मानिसको जस्तै देखिने असल दामी घर बनाएकोले संसारको दृष्टिमा दोस्रो घर बनाउने मानिस पहिलो मानिसभन्दा धेरै ज्ञानी, धेरै सिपालु, धेरै जान्ने ठहरियो। संसारले उसलाई पहिलो मानिसभन्दा बुद्धिमान ठहर्‍यायो। पछि पानी पर्‍यो, बाढी आयो, हुरी चल्यो। त्यसपछि मात्र वास्तवमा कुनचाहिँ मानिस बुद्धिमान रहेछ भन्ने कुरा प्रमाणित भयो। बालुवामाथिको घर भत्केर नाश भयो, चट्टानमाथि बनिएको घर मात्र अडेर बस्यो।

सबै कुरा सजिलै, छिट्टै, प्रशस्तै खोज्ने युगमा हामी जिइरहेका छौं। इन्स्टचान्ट टी, इन्स्टचान्ट कफी, दुई मिनटको तैयारी चाउ चाउ, भात-तरकारी खानेकुराहरू सबै एकैक्षणमा तैयार हुने, फास्ट-फूड सेन्टरमा चाँडै खानेकुरा पाइने, माइक्रो-वेभ-ओभनमा एक दुई मिनटमै खाना तात्तिने, यो सुविधै-सुविधाको जमाना। कम्प्यूटर, इन्टरनेट, मोबाइलको युग हो यो। टाढा टाढाको खबर पनि मिनट मिनटमा प्राप्त हुने, साथै एस.एम.एस. गरेर झट्टै अरूलाई सुसमाचार पठाउन सक्ने सजिलो समयमा हामी जिइराखेका छौं। मण्डली निर्माण काममा पनि हत्तार-हत्तार सबै कुरा चाँडै-चाँडै सजिलैसँग, बिना झंझट, बिना प्रार्थना, बिना उपवास सिध्याउने विचार हाम्रो हुन सक्छ।

एकजना कविले भनेका छन्,
'Errors like bubbles on the surface flow,
He that searches pearls must dive below.'

'भूल कुराहरू पानीका फोकाहरूझैं धरातलमै तैरिरहन्छन्, मोती खोज्ने मानिसले चाहिँ तल डुबुल्की मार्नुपर्छ।' पानीका फोकाहरू त हावा मात्र हुन्, धरातलमै तैरिरहने। सक्कली मोतीचाहिँ समुद्रको गहिराइमा सिप्पीभित्र मात्र पाइन्छ। मोतीखोरहरूले समुद्रको फेदीसम्म गएर ती बटुलेर ल्याउँछन्। मण्डली-निर्माण तथा आफ्नै चरित्र-निर्माणको काममा पनि हत्तार गरेर काम बिगार्नको सट्टामा धैर्यसाथ प्रभुको समय तालिकाअनुसार पवित्र आत्माको निर्देशन र नियन्त्रणमा अघि बढ्दै जानु असल हुन्छ। १ कोरिन्थी ३:१०-१५ मा बताएअनुसार बसालिएको जग ख्रीष्टमाथि काठ, घाँस र परालको होइन तर सुन, चाँदी तथा बहुमूल्य पत्थरको असल पक्की घर बनाउनुपर्छ। हामीले समय लगाएर राम्ररी ध्यानपूर्वक गर्नु असल हुन्छ। परिपक्वता एकै रातमा आउँदैन। माथि माथिका हावाका फोकाहरू मात्र खोज्नेहरूले समुद्रको तहमा लुकेर रहेका बहुमूल्य मोतीहरू भेटाउन सक्तैनन्।

किनारामा रहेर सजिलैसँग थुप्रै माछा पक्रने सपना देख्ने मछुवाहरूलाई प्रभु भन्नुहुन्छ, "गहिरोतिर लगेर माछा पक्रनलाई आफ्नो जाल हान" (लूका ५:४)। किनारामा सुविधा हुन्छ, सुरक्षा हुन्छ, सजिलो हुन्छ। पौडन पनि पर्दैन, पानीमा हिँडे पुग्छ। गहिरोमा गाह्रो हुन्छ, सजिलो हुँदैन, सुविस्ता हुँदैन, ज्यानको खतरा पनि हुन सक्छ। तर माछा पक्रने हो भने हामीले आँट पनि गर्नुपर्छ, मूल्य चुकाउन पनि तैयार हुनुपर्छ। किनारामा उभेर गहिरोमा जाने आँट नगर्ने मछुवाहरूले रातभरि जाल हाने तापनि ठूला-ठूला माछा पक्रन सक्तैनन्।

एफिसी ४:९-१० मा येशू ख्रीष्ट प्रभुको बारेमा लेखिएको छ, "अब यो 'उच्चमा चढिजानुभयो' भनेको चाहिँ के हो ? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो। उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरूभन्दा धेरैमाथि चढिजानुभयो ...।" उहाँ पहिले ओर्लनुभयो त्यसपछि मात्र उच्चमा चढिजानुभयो। उहाँ होच्याइनुभएको र उच्च पारिनुभएको कुरो फिलिप्पी २:६-११ मा पनि राम्ररी बताइएको छ। परमेश्वरको स्वरूपमा भएर पनि उहाँले आफैलाई होच्याउनुभयो, उहाँ मानिस बन्नुभयो, कमारो बन्नुभयो, त्यसपछि बलिदान हुनुभयो र अन्त्यमा मुर्दा पनि बन्नुभयो। उहाँले आफैलाई यस प्रकारले होच्याउनु-भयो। "त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो।" याकूब ४:१० मा लेखिएको छ, "प्रभुको सामने आफैलाई विनम्र तुल्याओ ('होचो पार'), उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ।" यो कुरो १ पत्रुस ५:६ मा पनि लेखिएको छ। आफैलाई होच्याउने काम हाम्रो हो, हामीलाई उच्च पार्ने काम परमेश्वरको हो। लूका १८:१४ ले भन्दछ, "...किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ।" प्रधानदूत लुसिफरले पनि आफैलाई परमेश्वरको सामने उच्च पार्न चाहेको थियो तर त्यो होच्याइयो (यशैया १४:१२-१५)। येशू प्रभुले आफैलाई होच्याउनुभयो अनि उहाँ उचालिनुभयो। मानिस जति तल होच्याइन्छ उति माथि उचालिन्छ।

परमेश्वरले आफ्ना मानिसहरूको विषयमा यसरी भन्नुभयो, "यहूदाका कुलबाट बचेर रहेकाहरूले चाहिँ फेरि तलतिर जरा हाल्नेछन् अनि माथि फल फलाउनेछन्" (यशैया ३७:३१)।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| **बैशाख २८ गते** मे ११ ता. | पाष्टर रोबर्ट कार्थक पाष्टर सामुएल कार्थक | श्री प्रेम आले मगर | पाष्टर अशोक मुखिया | डीकन सिमोन पाठक | पाष्टर दफ्तन सादा | डीकन जनक लाल श्रेष्ठ | पाष्टर बि.बि. खवास |
| **जेठ ४ गते** मे १८ ता. | डीकन सिमोन पाठक | श्री सिद्धि खालिङ | डीकन सुरेश पुरकोटी | श्री स्टिफ राई | एल्डर रूबेन श्रेष्ठ | श्रीमती सावित्री राई | श्री शरण राई |
| **जेठ ११ गते** मे २५ ता. | पाष्टर अशोक मुखिया | एल्डर पूर्ण सुनुवार | श्रीमती माला राई | पाष्टर रोबर्ट कार्थक | एल्डर श्रीलक्ष्मी सैंजु | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |
| **जेठ १८ गते** जुन १ ता. | पा. डा. डेल्रोन शेर्ली पा. रोबर्ट कार्थक | श्री सरुष मान तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग | श्रीमती गंगा श्रेष्ठ | पाष्टर बि.बि. खवास | एल्डर सिमोन खालिङ |

जराले रूखलाई स्थिर गरी खडा राख्ने काम मात्र गर्दैन तर त्यसलाई फलवन्त पनि बनाउँछ। रूखका जराहरू खोलाको किनारसम्म फैलिएको छ भने चर्को घाम लाग्दा पनि त्यो रूख डराउँदैन किनभने त्यसका पातहरू सधैं हरियै रहन्छन्, खडेरी पर्दा त्यसलाई केही चिन्ता हुँदैन किनभने त्यसले फल फलाउन थाम्दैन (यर्मिया १७:८)। जुन मानिसले आफ्नो जरा पवित्र आत्माको बगिरहेको जिउँदो पानीसम्म पुऱ्याएको हुन्छ त्यसलाई पानीको अभाव कहिल्यै हुँदैन। चर्को घाम लाग्दा वा वृष्टि नभएर खडेरी पर्दा पनि त्यसका पातहरू हरियै रहन्छन् अनि त्यसले फल फलाइरहन्छ (भजनसंग्रह १:३) ।

प्रभुसँग हाम्रो संगतिको जरा जति तलतिर जान्छ, बोट उति माथितिर बढ्छ। फल जमीनमाथि बोटमा फल्छ, खनेर निकाल्नुपर्ने माटोमुनिको तरूल वा कन्दमूल जस्तो होइन। जरा बोटको लुकेको अभिन्न भाग हो, गुप्त भाग हो। यो कसैले नदेख्ने भाग हो। आत्मिक अर्थमा यो परमेश्वरको संगतिमा बिताइने प्रार्थनाको गुप्त जीवन, परमेश्वरको वचन पढ्ने र मनन गर्ने गुप्त जीवन, परमेश्वरको ध्यानमा बिताइने गुप्त जीवन हो। यो जीवन गुप्तमा रहन्छ, अरू कसैले पनि यो जीवन देख्न सक्तैन। यही जीवनले हामीलाई जस्तै अप्ठ्यारो समयमा पनि स्थिर रहनसक्ने बनाउँछ साथै फलवन्त बनाउँछ। जरा जति गहिरो गएको हुन्छ बोट उतिनै स्थिर रहन्छ र फलवन्त हुन्छ। तर गहिरो जरा नभएका रूखहरू हुरी बतासले सजिलै ढाल्न सक्छ। मत्ती १५:१३ मा प्रभुले भन्नुभएको छ, "मेरा पिताले नरोपेको हरेक चाहिँ उखेलिने छ।"

बीउ छर्नेको उखानमा भनेझैं थोरै मात्र माटो भएको चट्टानमाथिको जमीन त्यो मान्छे जस्तो हो जसले वचन सुनेर खुशीसित वचन ग्रहण गरे तापनि जरा नहुनाले केही समय त विश्वास गर्छ तर परीक्षाको बेलामा पछि हटिहाल्छ (लूका ८:१३)। जरा नहुने बोट वचनको खातिर आउने परीक्षाहरूमा स्थिर रहन सक्तैन। जरा नहुने रूखहरू ती खीष्टमस-ट्रीहरू जस्ता हुन्छन्। जसले केही सोच्न नसक्ने साना-साना निर्बोध बाल-बालिकाहरूलाई झुक्याउनलाई राता-रात, राम्रा-राम्रा उपहारहरूका फल फलाउँछन्। ती रूखहरूले फलाएका फल सक्कली होइनन्। आमा-बाबुहरूले स-साना छोराछोरीहरूलाई भुलाउन जरै नभएका रूखहरूमा झुण्ड्याएर बाल-बालिकासरह आफ्ना भरखर प्रभुमा बढ्न लागेका भाइ-बहिनीहरूलाई हामीले धोखामा राख्नु हुँदैन। असल सक्कली फल फलाउनलाई प्रार्थना, स्तुति प्रशंसा, वचन-पाठ, संगतिका विभिन्न क्षेत्रमा गहिरो गरी जरा गाड्नुपर्छ। प्रभुसँगको गहिरो गुप्त सम्बन्धमा हामी अझ गहिरिएर जानुपर्छ। हामीले प्रभुमा तलतिर जरा हाल्नुपर्छ र मात्र हामी उहाँको निम्ति माथितिर फल फलाउन सक्नेछौं।

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ र धापासी | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल, पुतली सडक | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी, कमलाक्षी, ताहाचल | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|---|
| बैशाख २८ गते मे ११ ता. | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान तामाङ्ग | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ मण्डली | श्री सुरेन्द्र सापकोटा | एल्डर धन ब. तामाङ्ग |
| जेठ ४ गते मे १८ ता. | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा-जोरपाटी चर्च | | श्री अशोक सुनार | एल्डर बी.एन.पण्डित | डीकन जनक लाल श्रेष्ठ | श्रीमती रीना तामाङ्ग | डीकनेस् आशमाया तामाङ्ग |
| जेठ ११ गते मे २५ ता. | एल्डर दानिएल सापकोटा | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर जमान तामाङ्ग | पाष्टर महेश थाँजु | डीकन रत्न मान महर्जन | श्री कुमार सेन्चुरी | एल्डर धन ब. तामाङ्ग |
| जेठ १८ गते जुन १ ता. | एल्डर जमान तामाङ्ग | पाष्टर महेश थाँजु | डीकन नर बहादुर श्रेष्ठ | श्री लाक्पा लामा | पाष्टर एल.पी.न्यौपाने | पाष्टर बि.बि. खवास | संयुक्त सेवा गोंगबूँ चर्च | डीकनेस् आशमाया तामाङ्ग |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



वैशाख ४ गते/अप्रिल १७ ता. बुधबार नेइम सिर्जनानगर मण्डलीको सदस्य फिलिप राई र लेटाङ्ग प्रशंसा चर्चको सदस्या सुश्री प्रशंसा राईको लेटाङ्ग प्रशंसा चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती फिलिप/प्रशंसा राई लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख ९ गते/अप्रिल २२ ता. सोमबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्यहरू श्री सन्तोष राई र सुश्री अनिका खड्गीको नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती सन्तोष/अनिका राई लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख ११ गते/अप्रिल २४ ता. बुधबार नेइम जोरपाटी मण्डलीको सदस्यहरू श्री कृष्ण बहादुर लामा र सुश्री रोदा तामाङ्गको नेइम जोरपाटी मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती कृष्ण बहादुर/रोदा लामालाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी



दलिनचोक बस्नुहुने नेइम पनौती मण्डलीको सदस्य श्री राम बहादुर मंग्राती ४२ वर्षको उमेरमा वैशाख ८ गते/अप्रिल २१ ता. आइतबार प्रभुमा सुत्नुभयो ।



असन बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीकी सदस्या श्रीमती भागीरथी श्रेष्ठ ६५ वर्षको उमेरमा वैशाख १५ गते/अप्रिल २८ ता. आइतबार प्रभुमा सुत्नुभयो ।

१. चैत्र १६ गते/मार्च २९ ता. शुक्रबार नेइम ललितपुर मण्डलीमा ललितपुर मण्डलीको १७, गुरुजुधाराको ३ जना, टीगाउँको ३ जना दुई पिपलको १ जना गरी २४ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२. चैत्र २३ गते/अप्रिल ५ ता. शुक्रबार नेइम जोरपाटी मण्डलीको ७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. चैत्र ३१ गते/अप्रिल १३ ता. शनिबार नेइम सिर्जनानगर मण्डलीको छैठौं वार्षिक महोत्सव मनाइयो ।

४. वैशाख ६ गते/अप्रिल १९ ता. शुक्रबार नेइम ललितपुर मण्डलीको १ जना विश्वासीले पानीको बप्तिस्मा लिनुभयो ।

५. वैशाख ८ गते/अप्रिल २१ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको २३ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## प्रार्थनाका विषयहरू

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान बुद्धि, एकता, मेल मिलाप मागिदिऔं साथै समयमा नै चुनाव सम्पन्न संविधान समयमा बन्न सकून् ।

२. नेपाल देशका सबै मण्डलीहरू प्रार्थना, वचन, पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै ख्रीष्ट प्रभुको दोस्रो आगमनको निम्ति सधैँ तयार रहनेहरू हुन सकून् ।

३. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप विश्वास गर्नेहरू ख्रीष्ट येशूको असल साक्षी भई जिउन सकून् ।

४. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरूमा सेवकाइ गरिराख्नुभएको सम्पूर्ण सेवक/सेविकाहरू साथै मण्डलीका सबै विश्वासीहरूको लागि प्रार्थना गरिदिऔं ।

५. प्रभुमा एक लाख जवान जित्ने दर्शन लिएका मण्डलीका जवानहरूले स्कूल, क्याम्पस, साथै काम गर्ने ठाउँहरूमा आ-आफ्नो साथीहरूलाई सुसमाचार सुनाउन सकून् भनी पवित्र आत्माबाटको उत्साह, इच्छा, सहास मागिदिउँ ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् । | शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरू प्रभुबाटको बोलावट र सेवकाईको लागि प्रार्थना गरौं । | भारतका मुम्बइ, पुने लगायत अन्य शहरहरूमा बेचिएका नेपाली चेलिबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं । | विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि जानुभएका नेपालीहरूले कुनै न कुनै माध्यमद्वारा येशू प्रभुलाई पाउन सकून् । |
| | **एफिसी ४: १७-३२** | **२ तिमोथी ४:१-८** | **भजनसंग्रह ६८:१९-२०** | **२ कोरिन्थी ५:१४-२१** |
| **सोमबार Monday** | मण्डलीमा भइरहेको प्रार्थना सभाहरू, अरू ठाउँमा पनि प्रार्थना सभाहरू बृद्धि हुनको साथै प्रार्थना गर्नेहरू अझबढेर गएको होस् । | मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई अझै प्रेम गर्दै र उहाँको अभिप्राय पूरा गर्नेहरू हुँदै जान सकून् । | नेपाली इसाई मण्डलीअन्तर्गतका मण्डलीहरू संख्यात्मक वृद्धिको साथै आत्मिकी क्षेत्रमा पनि पाको हुँदै जान सकून् । | परमेश्वरबाटको सबै प्रतिज्ञाहरू मण्डलीले विश्वाससाथ आफ्नो बनाउन सकून् । जसको कारण मण्डली आशिषित भएर जिउन सकून् । |
| | **यशैया ५६:६-७** | **भजनसंग्रह १४५:१७-२०** | **एफिसी ३:१४-२०** | **भजन ११९:१६२, २ को. १:२०** |
| **मंगलबार Tuesday** | मण्डलीका पूर्णकालिन सेवक/सेविकाहरूको सेवकाइ, परिवार साथै अन्य क्षेत्रमा आशिष मागिदिऔं । | मंगलबार हुने आत्मिकी तथा चंगाई सेवामा मण्डलीमा जागृति, चंगाई, छुट्कारा, चिन्ह र आश्चर्यकर्म देख्न सकौं । | ऋण, मुद्दा, रोग साथै अन्य समस्यामा परेकाहरूको समस्या समाधान साथै छुट्कारा र निको हुवाईको लागि प्रार्थना गरौं । | धुम्रपान, मद्यपान, लागुपदार्थ, दुर्व्यसन र विभिन्न बन्धनमा परेकाहरूको छुट्काराको लागि प्रार्थना गरिदिऔं । |
| | **मत्ती ६:३३** | **यशैया ३५:३-७** | **यशैया ५३:४-५, यूहन्ना ८:३६** | **१ कोरिन्थी २:९** |
| **बुधबार Wednesday** | सबै घरेलु संगतिहरूमा एक-अर्कालाई सहयोग र उत्साह दिंदै एकआपसको घनिष्ठताको साथै सबै परमेश्वरको वचनको गहिराई-मा अझ बढेर जान सकून् । | प्रत्येक विश्वासीहरू आफू रहेको ठाउँमा खीष्टको साँचो साक्षीको जीवन जिउनेहरू हुन सकून् । | विभिन्न ठाउँमा शुरू भएको संगति झुण्ड साथै मण्डलीहरूबाट प्रचारिएको सुसमाचारद्वारा धेरै प्रभुको राज्यमा आउन सकून् । | सेवा संगतिदेखि टाढिएका र प्रभुको प्रेम चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर खीष्टको कहिल्यै नटुङ्गिने प्रेममा फर्केर आउन सकून् । |
| | **हिब्रू १०:२४-२५** | **१ पत्रुस २:९-१२** | **भजन २:८, फिलिप्पी २:१०-११** | **यशैया ५४:१०** |
| **बिहीबार Thursday** | परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् । | प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र आमा बाबुबीचको सम्बन्ध प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् । | मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरको महिमाको कामको लागि तयार हुन सकून् । | सबै जवानहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउन अझै बोझ र दर्शनसाथ लागिपर्न सकून् । |
| | **१ पत्रुस ३:१-१७** | **एफिसी ५:२२-२७, ६:१-४** | **१ शमूएल ३:१-४** | **२ तिमोथी १:७-११** |
| **शुक्रबार Friday** | मण्डलीका विश्वासीहरू कोही पनि रीतिविधिमा मात्र सेवा संगतिमा सहभागी नभई सत्यतामा आराधना गर्न साथै वचनको तिर्खाको साथ तयार भएर आउन सकून् । | प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं । | आराधना सेवामा सुनेको वचनमा आज्ञाकारी भई परमेश्वरलाई महिमा दिन सकौं । | शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू पवित्र आत्माको उपस्थिति र अगुवाईमा जागृत हुँदै जान सकून् । |
| | **भजनसंग्रह ८४:१-६** | **भजनसंग्रह ७८:१-१८** | **यूहन्ना १३:१७** | **१ कोरिन्थी २:९१३** |
| **शनिबार Saturday** | हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं । | सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न काम व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् । | विभिन्न देशहरूमा पढाइ, काम तथा अन्य कारणले जानु भएका-हरूको लागि सुरक्षा र सबै कुरामा परमेश्वरको आशिष मागिदिऔं । | June<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाई र उपस्थिति मण्डलीसँग सधैं भइरहून् । |
| | **हिब्रू १२:१** | **हितोपदेश ११:१** | **भजनसंग्रह १२१:१-८** | **प्रस्थान ३३:१३-१९** |

## आफ्नो आशामा आनन्द गर सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो ।

**रोमी १२:१२**